# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८३।०८४
चलानी नम्बर :

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com

५०% लागत साझेदारीमा मिनिटिलर माग गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०४/२६

प्रस्तुत विषयमा भूमिकास्थान नगरपालिका कृषि विकास शाखाको आ.व २०८३/०८४ को स्वीकृत कार्यक्रम **कृषि यान्त्रीकरण कार्यक्रम (५० % अनुदान)** अन्तर्गत ७ HP को मिनिटिलर वितरण कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले कार्यक्रममा समावेश हुन इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/ कृषि फर्म आदीले सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८३/०५/०९ गते) कार्यालय समयभित्र तपसिलमा उल्लिखित कागजात सहित कृषि विकास शाखामा रितपुर्वक निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । रित नपुगेका र म्याद नाघी दर्ता हुन आएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपसिलः</u>

१. ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता सहितको सक्कलै निवेदन,
२. नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रमाणपत्रको छाँयाप्रती,
३. नेपाल सरकारको कुनै निकाय(संघ,प्रदेश तथा स्थानीय तह) बाट विगत ५ वर्षदेखि यस किसिमका कुनै कार्यक्रमबाट अनुदान प्राप्त नगरेको स्व-घोषणा,
४. जग्गाधनिपुर्जाको प्रमाणपत्रको छाँयाप्रती वा लिजमा लिएको भएमा ५ वर्षसम्मको करार सम्झौता,
५. संस्थागत भएमा संस्थाको प्रमाण पत्र र कार्य समितिको निर्णयको छाँयाप्रती ।
६. कम्तिमा ३ रोपनी जग्गामा खेती गरिरहेको भन्ने कम्तिमा ३ जना छिमेकिको सर्जमिन र नागरिकताको छाँयाप्रती,
७. सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र,
८. कम्तिमा ५ वर्षसम्म अनिवार्य सञ्चालन गर्ने स्व-घोषणा ।

थप जानकारीका ९८५७०६९९८६, ९८४७२८६४५१ वा कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

रबिद्र प्रसाद चौधरी

प्रमुख प्रशासकीय अधिकृत

रबिन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

भूमिकास्थान नगरपालिका नुवाकोट,अर्घाखाँची । मिति :

विषय : मिनिटिलर माग सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको कृषि विकास शाखाको आ.व २०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम **कृषि यान्त्रीकरण कार्यक्रम ५०% अनुदान** अन्तर्गत ५०% लागत सझेदारीमा वितरण हुने ७HP मिनिटिलर वितरण कार्यक्रमका लागि मिति २०८३/०४/२६ मा प्रकाशित सूचना बमोजिम उक्त कार्यक्रममा नियमानुसार समावेश गराईदिनुहुन सादर अनुरोध निवेदन पेश गर्दछु। साथै उक्त कार्यक्रमका लागि गरिनु पर्ने ५०% रकम लागत साझेदारीका लागि समेत प्रतिवद्ध रहेको व्यहोरा समेत यसै निवेदन साथ अनुरोछ छ ।

निवेदक

दस्खतः

नामः

ठेगानाः

सम्पर्क नः

# स्व-घोषणा पत्र

प्रस्तुत विषयमा भूमिकास्थान नगरपालिका वडा नं...........निवासी श्री.......................................................को नाती श्री..........................................को छोरा ना.प्र.नं...........................................भएको म....................................................ले विगत ५ वर्षदेखि हाल सम्म नेपाल सरकारका कुनै पनि निकाय(संघ,प्रदेश तथा स्थानीय तह) बाट कृषि मेसिनरी अन्तरगत मिनिटिलरको सुविधा हालसम्म कुनै पनि निकायबाट नलिएको व्यहोरा स्व-घोषणा गर्दछु ।साथै अनुदान वापत लिएको मिनिटिर मैले कम्तिमा पनि ५ वर्षसम्म अनिवार्य रुपमा सञ्चालन गर्नेछु भनि स्व-घोषणा गर्दछु । माथि उल्लिखित विवरण झुटा ठहरे कानुन बमोजिमको कारवाही भोग्न तयार रहेको व्यहोरा समेत अनुरोध छ ।

| दायाँ | बायाँ |
|---|---|
| | |

हस्ताक्षरः

नाम थरः

ठेगानाः